गाउँ सभाको २० औं अधिबेशन मिति २०८२ असार १० गते

उपाध्यक्ष मैना कुमारी रावल बोहराले

प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८२/८३ को

# बजेट बक्तव्य

आलिताल गाउँपालिका

डडेल्धुरा

२०८२

www.aalitalmun.gov.np

**सभाध्यक्ष महोदय,**

१. आलिताल गाउँ सभाको अधिवेशनको बैठकमा उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु ।

२. यस अवसरमा राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि भएका आन्दोलनहरूमा जीबन उत्सर्ग गर्नुहुने वीर शहीदहरू प्रति भावूर्ण श्रद्धाञ्ज़ली अर्पण गर्दछु। ती आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने आदरणीय नेताहरू र आ-आपनो ठाउँबाट योगदान गर्नुहुने दिदीबहिनी तथा दाजुभाईहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

३. समृद्ध आलिताल निर्माणको लागि विकास, समृद्धि, सामाजिक न्यायको मार्गमा अगाडि बढ्न संविधानले निर्दिष्ट गरेको अर्थ व्यवस्थाको आधार निर्माण गर्न जरूरी छ। गरिवीको रेखामुनी रहेका तथा विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति समुदाय लगायत सवै नागरिकको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न यो बजेट मूलत केन्द्रित रहेको छ।

४. गाउँपालिकाको योजनावद्ध बिकास प्रयासमार्फत उपलव्ध स्रोत साधनको कुशलतम् र प्रभावकारी परिचालन गरी रोजगारी सिर्जना भई गरिबी निबारण, आर्थिक सुधार, कृषिक्षेत्रको व्यवसायीकरण, प्रसार र विश्वसनीय वितरण, पर्यटन पूर्वाधारको विकास, औद्योगिक क्षेत्रको विकास, हरित अर्थतन्त्रको निर्माण, गुणस्तरीय जीवनोपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, मानबपूँजी निर्माण, युवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, भौतिक पूर्वाधार तथा आवास विकास, खानेपानी तथा सरसफाई, भूमि व्यवस्था, जलवायू परिवर्तन र बिपद् व्यवस्थापन, सामाजिक न्याय र समावेशी विकास, सामाजिक सुरक्षा, वित्तीय क्षेत्रको सुदृढीकरण, वित्तीय संघीयता कार्यान्वयन, बजेट प्रणालीको सुदृढीकरण, विकास वित्तको विस्तार, राजस्व प्रणालीको सुदृढीकरण, कानुनी शासन, मानव अधिकार र सुशासन प्रवर्धन भई नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि यस बजेटले महत्वपूर्ण योगदान दिने विश्वास लिएको छु।

५. आलिताल गाउँपालिकाका विषयगत समितिहरू, संघ र प्रदेशबाट प्राप्त मार्गदर्शन, राजनीतिक दल, विद्वत वर्ग, संघसंस्था, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार एवं सञ्चार क्षेत्र लगायत आम नागरिकबाट प्राप्त सल्लाह सुझाव समेतलाई अधिकतम सम्बोधन हुने गरी बजेट तयार गरिएको छ।

६. यस बजेट तर्जुमाको क्रममा मैले नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, नेपाल सरकारको सोह्रौ योजना, सुदूरपश्चिम प्रदेशको पञ्चवर्षिय योजना, आलिताल गाउँपालिकाको दोस्रो पञ्चवर्षिय योजना, संघ र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, आलिताल गाउँपालिकाको नीति तथा कार्यक्रम, विषयगत समिति, गाउँ सभा सदस्यहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८१।०८२ जेष्ठ मसान्तसम्मको संशोधित अनुमानित आय आम्दानी र खर्चको विवरण (रकम रु हजारमा प्रस्तुत गर्न चाहन्छु ।

## अब म चालु आर्थिक वर्ष २०८१/८२ को प्रगतिको संक्षिप्तमा चर्चा गर्न चाहन्छु।

चालु आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकारबाट रू २८ करोड १२ लाख ४७ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू २६ करोड १० लाख ८४ हजार, प्रदेश सरकारबाट रू ११ करोड ९ लाख २५ हजार अनुमान गरिएकोमा रू ६ करोड ६८ लाख १७ हजार, संघ र प्रदेशबाट राजस्व बाँडफाँडतर्फ रू १० करोड १७ लाख ७४ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्मन रू ८ करोड ३४ हजार प्राप्त भएको र आन्तरिक श्रोत रू १ करोड ५० लाख ९ हजार अनुमान गरिएकोमा हालसम्मन रू ६० लाख ५८ हजार संकलन भएको छ।

संशोधित बजेट रू ५० करोड ८९ लाख ५५ हजार मध्ये हालसम्म रू ४१ करोड ३९ लाख ९४ हजार वास्तविक आय भएको देखिन्छ जुन कुल बजेटको ८१ दशमलव ३४ प्रतिशत हुन आउछ।

त्यसैगरी, खर्चतर्फ हालसम्मन रू ३४ करोड १६ लाख ३८ हजार प्रगति भएको जुन ६७ दशमलव १२ प्रतिशत हुन आउछ।

**शिक्षातर्फ**

सबै बालबालिकालाई विद्यालयमा पहुँच पुर्याइ शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले आलिताल गाउँपालिका अन्तर्गत ९ वटा माध्यमिक, आधारभूत विद्यालय ७ वटा र २७ वटा प्राथमिक विद्यालय गरी ४३ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालयहरू सञ्चालनमा रहेका छन्।

स्वीकृत दरबन्दी प्रा.वि. ७१, नि.मा.वि. २०, मा.वि. ६ र राहत दरबन्दी प्रा.वि. ३६, नि.मा.वि. ६, मा.वि. ६ रहेको छ।

त्यसैगरी, शिक्षण सहयोग अनुदान आधारभूत तह ६, मा.वि. १७, गाउँपालिका शिक्षक अनुदान प्रा.वि. १३, नि.मा.वि. २९, मा.वि. १८, उ.मा.वि. ४ रहेको छ।साविक उच्च मा.वि. तर्फ संघीय शिक्षक ४ जना रहेको छ।

बालविकासतर्फ ६५८ जना, कक्षा १- ५ मा १९५१ जना, कक्षा ६-८ मा ११६९ जना, कक्षा ९-१० मा ६०९ जना, कक्षा ११-१२ मा ४०२ जना गरी कूल ४ हजार ७ सय ९१ जना विद्यार्थीहरू आलिताल गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा अध्ययनरत रहेका छन्।

आइ सि टि तालिम १९ जना शिक्षक, ४३ जना शिक्षकहरूलाई एकीकृत पाठ्यक्रम तालिम प्रदान गरियो।

विपन्न लक्षित छात्रवृत्तितर्फ कक्षा ६ - १२ सम्म ६० जना वितरण गरियो।

प्रदेश सरकारको सहयोगमा २ वटा विद्यालहरूमा २ कोठे भवन निर्माणाधिन अवस्थामा रहेका छन्।

**स्वास्थ्य सेवातर्फ :**

८ वटा स्वास्थ्य संस्थाहरू, ४ वटा एम्बुलेन्स, तालिम प्राप्त स्वास्थ्यकर्मीहरू मार्फत आलिताल गाउँपालिकाबासीहरूलाई निदानात्मक, उपचारात्मक र नियन्त्रणात्मक सेवाहरूलाई प्रदान गरिदै आएको छ।

चालु आ.व. २०८१/८२ मा तालिम प्राप्त नर्सिङ कर्मचारीहरूले २०६ जना ग्रामीण गर्भवती महिलाहरूलाई ग्रामीण अल्ट्रासाउण्ड सेवा, १४६ जना महिलाहरूलाई पाठेघरको क्यान्सर निदान सम्बन्धी सेवा प्रदान गरियो। ९३६ जना किशोरीहरूलाई पाठेघर विरूद्धको खोप सेवा प्रदान गरियो।

आलिताल गाउँपालिका र गैर सरकारी संस्था (नेत्रालय) सहयोगमा आँखा शिवीर सञ्चालन गरी ८५८ जनालाई आँखा सम्बन्धी चेकजाँच, शल्यक्रिया लगायतका सेवा प्रदान गरियो।

८ वटै वडाहरूमा एक एक पटक नसर्ने रोगहरूको शिवीर सञ्चालन गरी ६५१ जनालाई नसर्ने रोगको निदान सेवा प्रदान गरियो।

क्षयरोग विरूद्ध शिवीर सञ्चालन गरी २३८ जना व्यक्तिहरूलाई क्षयरोग निदान सेवा प्रदान गरियो।

कृषि सेवा तर्फ :

पोषण सुधारका लागि तरकारी विउँ वितरण कार्यक्रम १००० जना कृषकलाई प्रदान गरियो।

१२ जनालाई इन्सेक्ट नेट वितरण, ३३ जना किसानलाई मह गोलासहितको घारमा अनुदान, एक पालिका एक नगदे बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत १५० जना किसान लाभान्वित हुने गरी ३ वटा कृषक समूहलाई सिंचाई पोखरी निर्माणका लागि अनुदान वितरण गरियो।

१ वटा कृषक समूहलाई ३० घरधुरी लाभान्वित हुने गरी मकै बाली उत्पादन प्रवर्द्धनका लागि उन्नत जातको मकैको विउँ, मिनिटिलर ४ वटा, २ वटा कुटानी पिसानी मिल, १ सिंचाई पोखरी, ३० वटा त्रिपाल, २ वटा जोख्ने तराजु वितरण गरियो।

खाद्यान्न बालीको उन्नत विउँ उपयोगमा अनुदान कार्यक्रमतर्फ ५० प्रतिशत अनुदानमा ४५ जना किसानलाई उन्नत जातको गहुको विउ र ५० जना किसानलाई उन्नत जातको धानको विउँ वितरण गरियो।

किसान सूचिकरण र पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम कार्यान्वयनमा रहेको छ।

पशुपन्छी तर्फः

३८८४ पशुपन्छीलाई उपचार सेवा, ५५० वटा कुकुरहरूलाई रेविज विरूद्धको खोप, ९२ जना किसानहरूलाई हिउँदे घासको विउ वितरण, १७८ वटा गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, १५ जना किसानलाई उन्नत जातका माछाका भूरा वितरण, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ५० जना किसान लाभान्वित हुने गरी २ वटा कृषक समूहलाई भैसी अनुदान, आकस्मिक रोग नियन्त्रण सेवातर्फ ८४० वटा पशुपन्छीलाई लम्पी रोग, भ्यागुते रोग, खरेत रोग उपचार सेवा प्रदान गरियो।

आन्तरिक राजस्वतर्फ :

आन्तरिक आयतर्फ रू १ करोड ३६ लाख ८१ हजार अनुमान गरिएकोमा हालसम्म रू ३० लाख ७५ हजार रकम संकलन भएको देखिन्छ जुन कूल अनुमानको २२ दशमलव ४८ प्रतिशत हुन आउछ।

प्रशासनिक तथा विकासात्मक सेवा प्रवाहतर्फ :

१ वटा गाउँपालिका केन्द्र र विषयगत शाखाहरू, ८ वटा वडा कार्यालयहरू, १० वटा स्वास्थ्य संस्थाहरूमा स्थायी, करार र ज्यालादारी गरी १०० बढी कर्मचारीरूले आलिताल गाउँपालिकाको १८ हजार ११२ जनसंख्यालाई प्रशासनिक र विकासात्मक सेवा प्रवाह गर्दै आएका छन्।

**सभाध्यक्ष महोदय,**

अब म बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

"आत्मनिर्भर र समृद्ध गाउँपालिका" निर्माण गर्ने ध्येयका साथ बजेटको उद्देश्य देहायअनुसार उल्लेख गरेको छुः

(क) कृषि, लघु उद्योग र सेवा क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण मार्फत उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गरि उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने ।

(ख) महामारी र विपदबाट शिथिल भएको आर्थिक तथा सामाजिक क्षेत्रलाई पुनर्स्थापित गरी यस क्षेत्रमा भएको क्षति न्यूनीकरण गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने ।

(ग) सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा लगानी तथा क्षमता अभिवृद्धि गरी रोजगारी र स्वरोजगारका अवसर सिर्जनामार्फत गरिबी निवारणमा सहयोग गर्ने ।

(घ) उपलब्ध स्रोत साधनको समन्यायिक तथा अधिकतम परिचालनबाट सन्तुलित, समावेशी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा टेवा पुयाउने ।

(ङ) सर्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय सुचनाप्रविधिमैत्री, सेवाग्राहीमैत्री र सर्वसुलभ बनाई सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्ने ।

**सभाध्यक्ष महोदय,**

अब म उल्लिखित बजेटका उद्देश्य पूरा गर्न तय गरिएका प्राथमिकता प्रस्तुत गर्दछु ।बजेटका प्राथमिकता निम्नानुसार निर्धारण गरेको छुः

(क) कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण, सामुहिकीकरण र बजारीकरण ।

(ख) वन, जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन तथा दिगो सदुपयोग ।

(ग) स्वदेशी तथा स्थानीय श्रम, सीप, पूँजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग, पेशा, व्यवसायको जगेर्ना र प्रवर्द्धनमार्फत रोजगारी तथा स्वरोजगारको अवसर सिर्जना र गरिबी निबारण ।

(घ) दिगो, गुणस्तरीय र प्रतिफलदायी भौतिक पूर्वाधार निर्माण ।

(ङ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पहुँच ।

(च) गुणस्तरीय शिक्षा, खेलकूद, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन र विकास ।

(छ) आर्थिक, सामाजिक, राजनीति र सांस्कृतिक रुपमा पछिपरेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायको सशक्तिकरण मार्फत सन्तुलित, समन्यायिक, समावेशी एवम् समानुपातिक विकास ।

(ज) विधुतिय शासन (e-governance) मार्फत गुणस्तरीय सार्वजनिक सेवामा सहज पहुँच, भ्रष्टाचार निवारण र सुशासन अभिवृद्धि

**सभाध्यक्ष महोदय,**

अब म बजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।बजेट तर्जुमा गर्दा देहायका बमोजिम आधारहरु लिएको छु ।

(क) नेपालको संविधान र संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु ।

(ख) संविधानका मनुसूची ८१९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची

(ग) दिगो विकासका सध्यहरु ।

(घ) स्थानीय सरकार संचालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन ।

(ङ) नेपाल सरकारको बार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरु ।

(च) संघीय सरकारको १६ औ योजना, सुदुर पश्चिम प्रदेश सरकार र आलिताल गाउँपालिकाको आवधिक योजना ।

(छ) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन ।

(ज) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धता र सृजित दायित्व ।

(झ) प्रदेश सरकारको बार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरु ।

(ञ) एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ ।

(ट) आलिताल गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम ।

(ठ) गाउँपालिकाका जनप्रतिनिधि ज्युहरु, राजनीति दल, विषयगत शाखा, निजी क्षेत्र, संचार जगत, बुद्धिजिवि वर्गबाट प्राप्त राय सुझावहरु समेटी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८२।०८३ को कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**कृषि तथा पशुपंछी**

आधुनिक र व्यावसायिक कृषि प्रणालीको माध्यमद्वारा कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी स्थानीय समुदायहरुको आर्थिक तथा सामाजिक विकासमा विशेष जोड दिईने छ । सरकारी निकायहरु, दातृ निकायहरु एवं गैरसरकारी संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा "एक गाउँ, एक उत्पादन कार्यक्रम कृषि क्रान्तिको रुपमा संचालन गरिने छ । यस अन्तरगत व्यवसायिक फलफुल खेति, तरकारी खेति, मसला खेती, जर्सीगाई, भैंसी पालन, बाख्रापालन, बंगुरपालन, कुखुरापालन, मौरीपालन, मत्स्यपालन लगायत अन्य कृषि तथा पशुजन्य व्यवसायका लागि पकेट क्षेत्रको रुपमा कार्यान्वयन र विकास गर्न विशेष जोड दिईनेछ, साथै यस्ता क्रियाकलापमा बेरोजगार युवा जनशक्तिलाई आवद्ध गराई रोजगारी सृजनाका साथै उत्पादन र उत्पादकत्व वृद्धि गर्न जोड दिईनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

**भूमि व्यवस्था तथा सहकारी**

गाउँपालिका अन्तर्गत रहेका भूमिहिन, मुक्तहलिया तथा सुकुम्बासीहरुको पहिचान तथा तथ्यांक अद्यावधिक गरी उनीहरुको उत्थानका लागि आवश्यक पहल गरिनेछ । गाउँपालिका अन्तर्गत बाँझो अवस्थामा रहेका जग्गाको तथ्यांक संकलन गर्दै त्यस्ता जग्गालाई आवादी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**लघुउद्यम विकास**

संघीय सरकारको सशर्त अनुदान तथा गाउँपालिकाको साझेदारीमा गाउँपालिका स्तरीय गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**वन, बातावरण व्यवस्थापन**

स्वच्छ, सफा, हरित आलिताल गाउँपालिका बनाउने नीतिलाई अवलम्बन गरिनेछ, साथै क्षेत्रगत कानून मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ । सामुदायिक, कबुलियती वन, धार्मिक वनको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायमा आवश्यक समन्वय र पहल गरिनेछ । नदी खोला किनार, नदी खोला उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा वृक्षारोपणलाई अभियानको रुपमा संचालन गरिनेछ। भू-क्षय, बाढी, पहिरो, मरुभूमिकरण तथा बातावरणीय असन्तुलन र बिनाशको रोकथाम गर्न "सबै एकजुट भई

हातेमालो गरौ, वनविनाश हुनबाट जोगाऔं' भन्ने नाराका साथ बनजंगलको संरक्षण गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## संस्कृति तथा पर्यटन प्रबर्द्धन

सम्भाव्य देखिएका गाउँपालिका भित्रका धार्मिक, पर्यटकीय स्थल एवं संस्कृतिको अभिलेखिकरण, पूर्वाधार निर्माण, संरक्षण र प्रचार प्रसार गरिनेछ । धार्मिक र पुरातात्विक महत्वका जिर्ण सम्पदाहरु, विभिन्न देवी देवताका मन्दिर तथा धार्मिक स्थलहरुको संरक्षण र संवर्द्धन, मर्मत सम्भार र विकासका लागि आवश्यक पहल गरिनेछ । परम्परागत मेला, जावा तथा पर्वहरुको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ । लोकसंस्कृति, भाषा, भेषभुषा, चालचलन आदिको भिडियो डकुमेन्ट्री लगायतका माध्यमबाट संरक्षित गर्ने नीति लिइनेछ । साथै स्थानीय कला, संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासका लागि समय सापेक्ष विभिन्न कियाकलापहरु संचालन गरिनेछ । यसका लागि आवश्यक रकम बिनियोजन गरेको छु ।

## सडक पूर्वाधार

सबै वडा एवं वस्तीमा ट्र्याक कटिङ्ग भई आंशिक तथा पूर्णरुपले यातायात सुचारु भएका सबै सडकहरुको मर्मत कार्यलाई निरन्तरता दिइनेछ, साथै ट्र्याक कटिङ्ग गर्न अधुरा रहेका सडकहरुलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## उर्जा क्षेत्रको व्यवस्थापन

वजारक्षेत्र, धार्मिक स्थलहरु तथा अन्य सार्वजनिक स्थानहरुमा सौर्य बत्ती जडान गर्न आवश्यक पहल गरिनेछ, साथै विभिन्न संघसंस्था र स्थानीय समुदायसँगको सहकार्यमा नविकरणीय तथा वैकल्पिक उर्जा सम्बन्धी योजना तथा कार्यक्रमहरु (सोलार सिस्टम, बायो ग्यास, गोवरग्याँस आदि) संचालन गरी उर्जा संकट न्युनिकरण गर्न आवश्यक पहल गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## आवास तथा भवन निर्माण

संघीय सरकार र गाउँपालिको साझेदारीमा निर्माण प्रक्रियामा रहेको गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गरिने छ । यसका लागि गाउँपालिकाबाट व्यय हुने गरी आवश्यक रकम विनियोजन गरेको छु ।

संघीय सरकारसँगको साझेदारीमा गाउँपालिकाको कार्यालयमा प्रशासनिक भवनको निर्माण कार्यसम्पन्न गरिनेछ र प्रदेश सरकारसँगको साझेदारीमा वडा नं. ६, र ७ को कार्यालयका भवन निर्माण गरिनेछन् । यसका लागि रकम विनियोजन गरेको छु ।

वडा नं. २ मा रहेको गांखेत स्वास्थ्य चौकी निर्माण तथा स्तरोन्नती कार्यलाई निर्माण सम्पन्न गरिनेछ ।

<u>खानेपानी तथा सरसफाई</u>

संघीय सरकारको सशर्त अनुदानमा गाउँपालिका स्तरीय खानेपानी सेवा विस्तार तथा पुर्नस्थापना कार्यक्रम संचालन गरिनेछ । गाउँपालिकाको आवश्यकता अनुरुप खानेपानी क्षेत्रको विकास र विस्तारको लागि आवश्यक नीति तथा कार्यविधीहरु निर्माण गरी गाउँपालिकामा रहेको खानेपानी तथा सरसफाई (WASH) शाखालाई सुदृढ गर्दै आवश्यक जनशक्ति समेत व्यबस्थापन गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

<u>स्वास्थ्य क्षेत्र तर्फ</u>

नेपाल सरकारले निशुल्क गरेका सबै औषधी तथा स्वास्थ्य सेवाहरु अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट निःशुल्क र सर्वसुलभ रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । गाउँपालिका अन्तरगत सबै वडामा संचालनमा रहेका स्वास्थ्य सेवा केन्द्र एवं बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाउन विशेष जोड दिइनेछ । साथै आवश्यकता अनुसार स्वास्थ्य क्लिनिक तया खोप केन्द्रहरु व्यवस्थापन गरी स्वास्थ्य सेवा सर्वसुलभ र भरपदों बनाउन विशेष जोड दिईनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

एम्बुलेन्स सेवालाई थप व्यवस्थित र सर्वसुलभ बनाईनेछ । आर्थिक अवस्था कमजोर / विपन्न भएका, सर्पदंशका बिरामी, दूर्घटनामा परी गम्भिर घाइते भएका, जटिल तथा कडा रोग लागेका बेसाहारा एकल महिला, प्रसुती अवस्थाका महिलालाई स्वास्थ्य संस्थाले प्रेषण गरेमा उपचार हुने स्वास्थ्य संस्था सम्म निःशुल्क एम्बुलेन्स उपलब्ध गराईनेछ । आम गाउँपालिकाबासीहरुलाई विशेषज्ञ सहितको स्वास्थ्य सेवा उपलब्ध गराउन यसै वर्ष देखि यसै बर्ष देखि घुम्ति शिविरको व्यवस्था गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

<u>शिक्षा यूवा तथा खेलकुद</u>

गाउँपालिका अन्तरगतका सम्पूर्ण सामुदायिक विद्यालयहरु तथा समुदायमा संचालित प्रारम्भिक बालविकास कक्षाहरुलाई निरन्तरता दिदै यप व्यबस्थित गर्दै लगिनेछ । साथै, आवश्यकताका आधारमा सामुदायिक विद्यालयहरुमा गाउँपालिकास्तरिय अनुदान शिक्षक दरबन्दीको व्यवस्थापन गरिनेछ ।पालिका अनुदान तर्फका

करार शिक्षकको ३००० का दरले तलब बद्धी गरिनेछ। पालिका अनुदानमा रहेका बालबिकास शिक्षकहरुको पारिश्रमिकमा रु १००० का दरले बृद्धी गरिएको छ।

साथै गाउँपालिकास्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र अध्यक्ष कप भलिबल प्रतियोगिता व्यवस्थित र भव्यरुपमा आयोजना गरी सम्पन्न गरिनेछ । जसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

संघीय सरकारको शसर्त अनुदानमा यस गाउँपालिकाको वडा नं. ८ मा निर्माणाधिन गाउँपालिका स्तरीय खेलकूद मैदानलाई आर्थिक वर्ष २०८२/८३ मा थप स्तरोन्नती गरिनेछ । यसका लागि रकम बिनियोजन गरेको छ ।

**<u>लैहिक समानता तथा सामाजिक समावेशिकरण</u>**

दलित, आदिवासी जनजाती, अपांग, अन्पसंख्यक तथा पछाडि परेका लक्षित वर्गको उत्थान, संरक्षण र विकासका लागि आयआर्जन, सीप विकास, तालिम, रोजगारी, व्यवसाय विकास जस्ता विशेष योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ, साथै गरिब, विपन्न, अल्पसंख्यक वर्गको पहिचान, वर्गिकरण गरी राहत कार्डको व्यवस्था मिलाईनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

महिलाहरुमाथि हुने घरेलु हिंसा न्यूनिकरण र महिला सशक्तिकरणका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । समाजमा रहेका कुरीति, कुसंस्कार, लैंगिक हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम तथा अभियान संचालन गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**<u>सार्वजनिक सेवा र शासकीय सुधार</u>**

संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा गाउँपालिकाको विद्युत्तीय शासनलाई प्रवर्द्धन गर्न नवप्रवर्तन परियोजनाबाट संचालित कार्यक्रमको स्तरोन्नती गरिनेछ । सूचना प्रविधि शाखाको सुद्धीकरण गरी बिधुतिय शासन (e-governance) मार्फत गुणस्तरीय सार्वजनिक सेवामा सहज पहुँच, भ्रष्टाचार निवारण र सुशासन अभिवृद्धि गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय सुचनाप्रविधिमैत्री, सेवाग्राहीमैत्री र सर्वसुलभ बनाई सरकारप्रतिको जनविश्वास अभिवृद्धि गरिनेछ। यसका लागि गाउँपालिकाको संचित कोषबाट व्यय हुने गरी आवश्यक रकम विनियोजन गरेको छु ।

**<u>विपद व्यवस्थापन</u>**

गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिलाई सशक्त र क्रियाशिल बनाईनेछ । गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । यसै गरी प्राकृतिक प्रकोपजन्य घटना न्यूनिकरण गर्न सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा विपद व्यवस्थापनसँग

सम्बन्धित आवश्यक सामाग्रीहरु जगेडा राखिनुका साथै बडा स्तरमा विपद व्यवस्थापन कार्यदल गठन तथा परिचालन गरिनेछ ।

विपद रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष परिचालन गरिनेछ र विपद् तथा महामारी व्यवस्थापनका लागि परिस्थिति एवं आवश्यकतानुसार तत्काल योजना तथा कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**<u>बडागत योजना तथा कार्यक्रम</u>**

८ वटै वडा कार्यालयको प्रशासनिक तथा पुजिगत कार्यक्रमका लागि रकम रू ३ करोड विनियोजन गरिएको छ।

**<u>गाउँपालिका प्रशासनिक खर्चः</u>**

गाउँपालिका प्रशासनिक तथा चालु र पुजीगत खर्च आवश्यक रकम विनियोजन गरेको छु।

जनप्रतिनिधिहरूको सेवा सुविधा प्रदेश कानूनले निर्धारण गरे बमोजिम इन्धन सुविधा समेत सेवा सुविधामै समावेश गरी मासिकरूपमा बैंक खातामार्फत उपलब्ध गराईनेछ। साथै, कार्यालयमा कार्यरत इन्धन सुविधा पाउँने कर्मचारीहरूको रकम निजहरूलाई मासिकरूपमा बैंक खाता मार्फत उपलब्ध गराईने व्यवस्था गरिएको छ। त्यसैगरी, गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखलाई मात्र घरभाडा सुविधा उपलब्ध गराईनेछ। सवारी साधनको मितव्ययी ढङ्गले उपयोगको लागि सवारी साधन मर्मत खर्चलाई न्यूनीकरण गरिनेछ। प्राविधिक कर्मचारीको फिल्ड भत्तालाई निरन्तरता दिइएको छ।

**<u>विषयगत शाखातर्फः</u>**

गाउँपालिका अन्तर्गत रहेका शिक्षा, युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, कृषि तथा पशुपन्छी विकास शाखा, रोजगार सेवा केन्द्र, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, सूचना प्रविधि शाखा, सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा आदिको कार्यसञ्चालन तथा योजना कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**<u>गाउँपालिका योजना तथा कार्यक्रम</u>**

आलिताल गाउँपालिकाले जनताको आकांक्षालाई सम्बोधन गर्न गाउँपालिकास्तरिय योजना तथा कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

**सभाध्यक्ष महोदय,**

अव म माथिका क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि बजेट बिनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि कुल खर्च रू ५३ करोड २७ लाख २० हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रू ३१ करोड ३२ लाख ४९ हजार अर्थात ५८ दशमलव ५७ प्रतिशत, पुँजीगततर्फ रू २२ करोड ६ लाख ७० हजार अर्थात ४१ दशमलव ४३ प्रतिशत रहेको छ। यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ४ दशमलव ६६ प्रतिशतले बृद्धि हो।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको कुल खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकार समानीकरण अनुदानबाट रु ९ करोड ७ लाख, संघीय राजस्व बाँडफाँडबाट रु ११ करोड ४९ लाख २५ हजार, संघीय सशर्त अनुदानबाट रू १७ करोड ९० लाख, संघीय विशेष अनुदान रू ५ करोड ५७ लाख र समपुरक अनुदानबाट रू १ करोड ३२ लाख प्राप्त हुने अनुमान गरिएको छ।

त्यसैगरी, सुदूरपश्चिम प्रदेश सशर्त अनुदानबाट रू ३ करोड ८० लाख, विशेष अनुदानबाट रू ७५ लाख, समपुरक अनुदानबाट रू ९४ लाख, समानीकरण अनुदानबाट रु ७७ लाख ९३ हजार, प्रदेश राजस्व बाँडफाँडवाट रू ३२ लाख १ हजार अनुमान गरिएको छ।

र आलिताल गाउँपालिकाको आन्तरिक स्रोत अल्या रकम रू २८ लाख सहित रू १ करोड ४५ लाख ९४७ अनुमान गरिएको छ।

**सभाध्यक्ष महोदय.**

बजेट तर्जुमा प्रक्रियामा आ-आफ्नो तर्फबाट रचानात्मक सुझाब दिनुहुने राजनीति दल, संघीय तथा प्रदेश सभाका सदस्यज्यू, निजी क्षेत्र तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामुदायिक तथा सामाजिक संघ-संस्था, संचार जगत र देश विदेशमा रहनु भएका गाउँपालिकावासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु

अन्तमा, प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन र अनुगमन मूल्यांकनबाट मात्र आत्मनिर्भर र समृद्ध गाउँपालिका निर्माण गर्ने गाउँपालिका सरकारको दीर्घकालिन सोचलाई साकार पार्न सकिन्छ । बजेट कार्यान्वयनको अभियानमा सक्रिय सहभागिता एवम् सार्थक सहयोगका लागि सबै सरोकारवाला पक्षलाई हार्दिक आव्हान गर्दछु । सबै दिदिवहिनी तथा दाजुभाईहरुलाई आलिताल गाउँपालिकाको विकास प्रयासमा सरिक भई नागरिकको जीवनस्तरमा उल्लेखनीय परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

मिति २०८१ असार १० गते
मैना कुमारी रावल (बोहरा)
उपाध्यक्ष
आलिताल गाउँपालिका, डडेल्धुरा
सुदुर पश्चिम प्रदेश, नेपाल